# राष्ट्रिय सूचना आयोग

**का.म.न.पा.-१० (देवीनगर) काठमाडौँ**

प. सं. ०७८/७९
च. नं.

## खोटाङ जिल्लामा जिल्लास्तरीय सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

यहि चैत १३ गते खोटाङ जिल्लाको दिक्तेलमा सूचनाको हकसम्बन्धी एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। राष्ट्रिय सूचना आयोगको आयोजनामा गरिएको उक्त कार्यक्रमको अध्यक्षता आयोगका आयुक्त कमला ओलीले गर्नुभएको थियो। प्रमुख अतिथी जिल्ला समन्वय समितिका प्रमुख श्री बबि चाम्लिङ हुनुहुन्थ्यो। जिल्लाका राजनैतिक निकायका कार्यालय प्रमुख सूचना अधिकारीहरु, पत्रकार अभियन्ता साथै सूचनाको हकसँग सरोकार राख्ने व्यक्तिहरुको उपस्थिति रहेका् उक्त कार्यक्रमको उद्घाटन प्रमुख अतिथि बबि चाम्लीङले गर्नु भएको थियो। कार्यक्रममा आयोगका आयुक्त कमला ओलीले सूचनाको हकको महत्व यसको उपयोग र फाइदाको विषयमा जनाकारी गराउँदै सम्पूण जनता नजागी सूचनाको हक प्रयोगमा आउँदैन। प्रयोगमा ल्याउन सकेनौ भने सूचनाको हकको ऐनको भावना र राज्यले सूचनाको हकको प्रयोग गर्न जनतालाई दिएको अधिकारको अर्थ नरहने कुरा बताउनुहुँदै सार्वजनिक निकायलाई ऐनको भावना बुझेर सूचना दिने सहज र सरल बनाउने सुझाव दिनुभएको थियो।

कार्यक्रमका प्रमुख अतिथी बबी चाम्लिङले सूचना जनलाई अति आवश्यक विषय भएकोले सबैले बुझ्नुपर्छ र प्रयोग गर्नुपर्छ। संविधानले दिएको यो हाम्रो अधिकारलाई बुझाउन जरुरी रहेको बताउनु भएको थियो। कार्यक्रममा आयोगका सचिव भागिरथ पाण्डेले कार्यपत्र प्रस्तुत गर्दै सूचनाको हक के हो ? सार्वजनिक निकाय के के हुन ? संवैधानिक र कानूनी पक्ष, प्रवाह गनृ नमिल्ने विषय, सार्वजनिक निकायको दीयित्व के हो ? प्रष्ट पार्नुभएको थियो। कार्यक्रममा बरिष्ठ पत्रकार कृष्ण आचार्यले दुर दराजका सेवाग्राहीलाई पनि बोलाउनुपर्ने थियो साथै सबै पालिकाबाट किन उपस्थिति गराइएन भन्दै पत्रकारले मात्र सूचना माग्नुपर्ने होइन यस्ता प्रशिक्षण प्रोगाम आम जनतालाई दिइयोस भन्नुभयो।

पत्रकार ध्रुव कार्कीले सूचना माग गरेपनि बर्षौसम्म पाइदैन, तसर्थ, तालिम गोष्ठि अझ चलाउनुपर्छ भन्ने सुझाव दिनुभएको थियो। कार्यक्रममा स्वागत मन्तव्य आयोगका उप सचिव कपिल प्रसाद उपाध्यायले गर्नुभएको थियो भने आयोगका शाखा अधिकृत डिल्लीराम भट्टले संचालन गर्नुभएको उक्त कार्यक्रममा सहभागीबाट उठेका प्रश्नको जवाफ दिदै आयुक्त ओलीले कार्यक्रमको समापन गर्नुभएको थियो।

कमला ओली थापा

सूचना आयुक्त तथा प्रवक्ता